लोक सेवा आयोग
सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
परीक्षा संचालन शाखा

## खुला तथा समावेशी तर्फको लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बनधी सूचना

| निकायः | श्री राष्ट्रिय न्यायिक प्रतिष्ठान | विज्ञापन प्रकाशित मितिः | २०७९/११/१९ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०८०/०२/०७ |
|---|---|---|---|---|---|

**प्रतिष्ठान**को पूर्व प्रकाशित विज्ञापन अनुसार **खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा**को कार्यक्रम देहाय बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनभन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै **राष्ट्रिय न्यायिक प्रतिष्ठान**मा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | | देखि | सम्म |
| १ | ०४/२०७९/८० | खुला | उप निर्देशक, अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन, अधिकृत द्वितीय | २०८० असार ३ गते बिहानको ८:०० बजे | २०८० असार ४ गते बिहानको ८:०० बजे | २ | श्री लोक सेवा आयोग, अनामनगर । | ००१ | ००२ |
| २ | ०७/२०७९/८० | खुला तथा दलित | कार्यालय सहायक/अनुसन्धान सहायक/प्रशिक्षण व्यवस्थापन सहायक, अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन, सहायक प्रथम | २०८० असार ३ गते दिनको २:०० बजे | २०८० असार ४ गते दिनको २:०० बजे | २८२ | श्री लोक सेवा आयोग, अनामनगर । | ००१ | २८२ |
| ३ | ०८/२०७९/८० | महिला | छपाई सहायक, विविध, सहायक प्रथम | २०८० असार ५ गते बिहानको ८:०० बजे | २०८० असार ६ गते बिहानको ८:०० बजे | १० | श्री लोक सेवा आयोग, अनामनगर । | ००१ | ०१० |
| ४ | ०५/२०७९/८० | खुला तथा समावेशी | अनुसन्धान अधिकृत/प्रशिक्षण व्यवस्थापन अधिकृत/शाखा अधिकृत, अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन, अधिकृत तृतीय | २०८० असार ५ गते दिनको २:०० बजे | २०८० असार ६ गते दिनको २:०० बजे | ६ | श्री लोक सेवा आयोग, अनामनगर । | ००१ | ००६ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | | देखि | सम्म |
| ५ | ०६/२०७९/८० | महिला | लेखा अधिकृत, विविध, अधिकृत तृतीय | २०८० असार ७ गते बिहानको ८:०० बजे | २०८० असार ८ गते बिहानको ८:०० बजे | १६ | श्री लोक सेवा आयोग, अनामनगर । | ००१ | ०१६ |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. आयोगबाट जारी भएको **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७** (तेस्रो संशोधन) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।

८. परीक्षार्थीहरु सबैले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा राष्ट्रिय न्यायिक प्रतिष्ठानको वेभ साइटमा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी राष्ट्रिय न्यायिक प्रतिष्ठानमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

## कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले **अनिवार्य रुपमा** मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **१ घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम** गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

**राजु सत्याल**
**शाखा अधिकृत**

**प्रकाश गुरुङ्ग**
**उपसचिव**